आ.व. २०८१।०८२

वैठकः- नगर कार्यपालिका वैठक

अध्यक्षताः- नगर प्रमुख सन्तोष लाल श्रेष्ठ

वैठक नं. ०९।०८१।०८२

मितिः-२०८१।१।२०६ गते

स्थानः- ता.न.पा मिनिहल

समयः- दिउसो १.०० बजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री सन्तोष लाल श्रेष्ठ ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार वस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम वहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री पिताम्वर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

श्री चेत बहादुर थापा का. वा. वडा अध्यक्ष ता.न.पा.१२

**निर्णय नं. १**

तानसेन नगर कार्यपालिकाको मिति २०८१।११।८ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन, २०८० तथा तानसेन नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०८१ को आधारमा कृषि तथा पशु विकास सम्वन्धी कार्यक्रम गर्न यस नगरपालिका र हेफर नेपाल बीच तानसेन आर्थिक विकास आयोजना संचालन गर्न संझौता गर्ने निर्णय गरियो । साथै आयोजना कार्यान्वयन योजना (Project Implementation Plan-(PIP) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

कृषि, रोजगार, पर्यटन, उद्योग र व्यापार दोश्रो तानसेन महोत्सव, २०८१ यही २०८१।१२।२२ देखि २०८२।१।३ गतेसम्म तानसेन नगरपालिका वडा नं. ६ को टुडिखेलमा संचालन गर्ने र सो महोत्सवको आयोजना तानसेन नगरपालिका र सञ्चालन एवं व्यवस्थापनवाट वोलपत्र स्वीकृत भएको फर्म श्री एभरेष्ट इभेन्ट मेनेजमेन्ट प्रा.लि. भरतपूर, ९ चितवनले निर्दिष्ट शर्त सम्झौता वमोजिम गर्ने गराउने निर्णय गरियो । साथै प्रमुख अतिथि र अतिथि सत्कारको लागि लाग्ने खर्च तानसेन नगरपालिकावाट वेहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) को प्रावधान बमोजिमको देहाय बमोजिमको मूल समिति र विज्ञ समूह मार्फत तानसेन नगरपालिकाको दश वर्षीय शिक्षा योजना तयार गर्ने निर्णय गरियो । साथै यस कार्यक्रमका लागि हुने खर्चको लागि मेयर पूर्वाधार शिर्षकवाट रु. १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**देहाय :**

| | |
|---|---|
| श्री सन्तोषलाल श्रेष्ठ नगर प्रमुख | संयोजक |
| श्री प्रतिक्षा गाहा सिंजाली नगर उपप्रमुख | सदस्य |
| श्री प्रदिप खनाल सामाजिक विकास समिति संयोजक | सदस्य |
| श्री गणेश ज्ञवाली शिक्षक | सदस्य (विज्ञ) |
| श्री राधेश्याम ज्ञवाली सल्लाहकार | सदस्य (विज्ञ) |
| श्री राम प्रसाद ढकाल शिक्षक | सदस्य (विज्ञ) |
| श्री शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. ५**

तानसेन नगरपालिकामा स्वास्थ्य क्षेत्रमा आधारभुत र गुणात्मक सेवा प्रदान गर्नेको लागि भौगोलिक रुपमा हाल सेवा पाउन समेत कठिन रहेकोले तानसेन नगरपालिका वडा नं. ११ को बोखर र वडा नं. १२ को चण्डिभञ्ज्याङ्गमा विद्यमान जनशक्तिवाटै व्यवस्थापन गर्नेगरी स्वास्थ्य इकाई स्थापना गर्ने निर्णय गरियो ।

[stamp: ... पाण्डे, प्रमुख प्रशासकीय अधिकृत] [stamp: सन्तोष लाल श्रेष्ठ, नगर प्रमुख]

**निर्णय नं. ६**

तानसेन नगरपालिका वडा नं. ९ स्थित बुढुवा ढाप क्षेत्रमा माण्डव्य सरोवर निर्माण कार्यको लागि विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report-(DPR) तयार गर्न र पूर्व सम्भाव्यता अध्ययनको लागि चालु नगर विकास योजनाको नगरस्तरीय कार्यक्रम तर्फ माण्डव्य सरोवर विकास कार्यक्रम शिर्षकमा विनियोजित रकममा नवढ्ने गरी नियमानुसार खर्च व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

आगामी आ.व.२०८२/०८३ को लागि स्थानीय पूर्वाधार विकास कार्यक्रम (Local Infrastructure Support Programme-(LISP) तर्फ सहभागितात्मक योजना तर्जुमा प्रक्रियाको आधारमा योजना छनौट गर्न प्रत्यक वडाहरुले निर्देशित प्रकृया पुरा गरी २०८१ चैत्र मशान्त भित्र योजना/कार्यक्रम छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

श्रीनगर क्षेत्रको एकिकृत रुपमा पर्यापर्यटकीय योजना र विकासको लागि श्रीनगर पर्यापर्यटन सामुदायिक वन उपभोक्ता समुह र तानसेन नगरपालिकाको संयोजकत्वमा देहाय बमोजिमको संयुक्त समिति गठन गरी समग्र श्रीनगर क्षेत्रको विकास र प्रवर्द्धनका कार्यक्रमहरु अगाडि बढाउने गरी नगर प्रमुखस्तरबाट गरिएको सहमतीलाई अनुमोदन गर्ने र सो सहमती वमोजिम कार्यविधि निर्माण गरी सोही अनुसार कार्यान्वयन गर्ने र कार्यविधि अनुसार समितिले आवस्यक काम कार्वाही अगाडी वढाउने निर्णय गरियो ।

**श्रीनगर विकास तथा प्रवर्द्धन समिति**

| | |
|---|---|
| तानसेन नगरपालिका | संयोजक |
| सम्वन्धित वडाहरुको तर्फवाट १ जना वडा अध्यक्ष | सदस्य |
| डि.वन कार्यालयको अधिकृत प्रतिनिधी | सदस्य |
| सम्वन्धित वन उपभोक्ता समितिवाट १ जना | सदस्य |
| वन उपभोक्ता समितिको सचिव | सदस्य सचिव |

**निर्णय नं. ९**

तानसेन नगरपालिकाको चालु आ.व.२०८१/०८२ को हालसम्मको योजना तथा कार्यक्रमको प्रगति प्रतिवेदनको बारेमा बैठकमा जानकारी गरी समीक्षा गरियो । यस सम्बन्धमा चालु आ.व.को लागि निर्धारित गरिएका सम्पूर्ण योजनाहरुको सम्झौता कार्य २०८१ चैत्र मसान्त सम्म मात्र गर्ने निर्णय गरियो । अनुगमन तथा सुपरीवेक्षण समितिबाट पेश गरिएको अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिकाबाट आ.व.२०८२/०८३ को लागि बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया योजना दिग्दर्शन अनुसार समय तालिका वमोजिम अगाडि बढाउने निर्णय गरियो । सो को लागि सम्वद्ध समिति, शाखा र वडाहरुमा समन्वय सहजिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन नगरपालिकाको चालु आ.व.२०८१/०८२ को चैत्र ५ गतेसम्मको आय तर्फ रकम रु.६२७४८२९५३।५७ र व्यय तर्फ रकम रु.४६४८८०१३४।९७ को आय व्यय विवरण बैठकमा जानकारी भई अनुमोदन गरियो ।

**निर्णय नं. १२**

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

तानसेन नगरपालिकाको स्थानीय आर्थिक विकास (Local Economic Development-LED) योजना २०८१-०८४ पुस्तक प्रकाशकको रुपमा तानसेन नगरपालिका रहनेगरी पूस्तक प्रकाशन गर्न नेपाल नगरपालिका संघलाई स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिका वडा नं. ७ र १० होलाङ्गदी खोला (बासटारी पछाडी) तटबन्धन निर्माणको लागि दुबै वडाहरुबाट वडास्तरीय कार्यक्रममा बजेट विनियोजन गरेकोमा भू-संरक्षण कार्यालयसंग साझेदारी गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १४**

तानसेन नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५ तथा सोको नियमावली, २०७५ बमोजिम तानसेन नगरपालिकाबाट सार्वजनि निजी साझेदारी अवधारणा बमाजिम ता.न.पा. वडा नं. ८ गौंडेपुल आसपास क्षेत्रमा हाइवे रिफ्रेसमेण्ट परियोजना अगाडि बढाउने गरी प्रकृया अगाडि बढेकोमा उक्त क्षेत्रमा सडक मापदण्ड अनुसार सिद्धार्थ राजमार्गको Right of Way-ROW र वन क्षेत्रका कारण अगाडि बढाउन नसकिने अवस्था सिर्जना भएकोले उक्त योजना कार्यान्वयनको लागि साझेदारी गर्ने एग्रो फरेष्ट्री सपोर्ट बैंक, तानसेन पाल्पाबाट गुड फर पेमेण्ट चेक बापतको रकम (धरौटी रकम) फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

लुम्बिनी प्रदेश सरकारबाट तानसेन नगरपालिकालाई हस्तान्तरण भएको श्रीनगर सांस्कृतिक डबली संचालनको लागि प्रस्ताव (सूचना) आव्हान भए बमोजिम धरौटी साथ प्रस्ताव (टेण्डर) पेश भएकोमा मासिक रुपमा कम्तिमा २ वटा इभेन्टमा स्थानीय सांस्कृतिक कार्यक्रम संचालन गर्ने गरी संचालनको जिम्मेवारी पाउँ भनी श्री राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान पाल्पाबाट प्रस्ताव पत्र पेश भएकोमा विजुली, पानी, वाध्य वादन (मादल १ थान, खैजडी १ थान, हार्मोनियम १ थान र मुरली वासुरी १ थान) र साउण्ड सिस्टम नगरपालिकाबाट व्यहोर्ने गरी उक्त संस्थालाई निःशुल्क रुपमा संचालन गर्न सम्झौता भएको मितिले १ वर्षका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

डुम्रे कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. तानसेन ८, पाल्पाले आवश्यक कागजात सहित यस तानसेन नगरपालिकामा निवेदन पेश गरेकोमा तानसेन नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धि कार्यविधि २०७४ को अनुसूची ५ बमोजिम आवश्यक योग्यता भएको सम्पूर्ण कागजात पेश गरेको निवेदक फर्मलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्राप्त गर्न योग्य भएकोले निज फर्मलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्न "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सिफारिस समितिबाट सिफारिस भई आएकोले देहाय बमोजिमको फर्मलाई ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

फर्मको नाम: डुम्रे कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.
फर्मको ठेगाना: तानसेन ८, पाल्पा
प्रोपराईटरको नाम: डुल वहादुर बुचा
प्रोपराईटरको ठेगाना: रिब्दीकोट ६, पाल्पा

**निर्णय नं. १७**

तानसेन नगरपालिकाको लैसअसास ऐन, २०८१ केही दफा उपदफा सम्शोधन गर्नु पर्ने भएकोले आगामी नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

क्षितिजधर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. १८**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्वस्थित बसोबासीको लागत संकलन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम नगरस्तरीय र वडास्तरीय सहजिकरण समितिलाई पूर्णता दिन नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो । साथै यस नगरपालिकामा भूमि सम्वन्धी शाखा स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

तानसेन नगरपालिका वडा नं. ७ काजीपौवा वेशीक्षेत्रको सडक चौडा तथा स्तरोन्नती गर्नुपर्ने अवस्था आएकोले लागत अनुमान तयार गरी नगर विकास योजनाको मेयर पूर्वाधार कार्यक्रम शिर्षकवाट रु. ३,५०,०००। रकम विनियोजन गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २०**

तानसेन नगरपालिका वडा नं. १० स्थित गुफाचौर क्षेत्रमा पर्यटन तथा संस्कृति प्रवर्द्धन साथै खाना महोत्सव कार्यक्रमको लागि तानसेन नगरपालिकाको नगर विकास योजनाको मेला महोत्सव कार्यक्रम शिर्षकवाट रकम रु.५००००। (पचास हजार मात्र) विनियोजन गरी उक्त कार्यक्रम सिघ्र कार्यान्वयनको लागि वडा कार्यालयलाई अन'रोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

यस बर्षको राष्ट्रिय सहकारी दिवस, २०८०, तानसेन नगरपालिका, जिल्ला सहकारी संघ, वचत तथा ऋण सहकारी संघ लगायतका संघ संस्थाहरुसँग समन्वय र साझेदारीमा सहकारी विकास साझेदारी शिर्षकवाट रु.१ लाखवाट नवढ्ने  गरी उक्त दिवसको आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

तानसेन नगरपालिका वडा नं. १४ ले यस आ.वमा फोहोरमैला व्यवस्थापन गर्नका लागि वडा कार्यालयवाट प्रकृया पुरा गरी ठेक्काद्धारा सरसफाई व्यवस्थापन गर्दै आएकोमा कवोल अंक रु ९९,६९०। (उनान्सय हजार छसय नब्वे मात्र) नगर विकास योजनाको सरसफाई व्यवस्थापन शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २३**

तानसेन नगरपालिका वडा नं. ४ को वडा कार्यालय भवन सम्झौता वमोजिम घरधनी श्री चिरनमान लिगलको घरमा वसेको र हाल आफ्नै पुरानो भवनमा सरेकोले उक्त घरको भुक्तानी हुन वाँकी मिति २०८१ मंसिर देखि २०८१ फाल्गुणसम्मको घरभाडा रु. ८८,०००। र छुट भाडा रु. ८०००। समेत रु. ९६,०००। कन्टेन्जेसी शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २४**

तानसेन नगरपालिकाद्धारा आयोजित कृषि, रोजगार, पर्यटन, उद्योग र व्यापार दोश्रो तानसेन महोत्सव २०८१ सफलता पूर्वक सम्पन्न गर्नका लागि आवस्यक समन्वय सहजिकरण तथा कार्य गर्न देहाय वमोजिमको कार्य सम्पादन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री यादव सिंह कार्की | नगर प्रवक्ता | संयोजक |
| श्री मेजर सिंह के.सी. | वडा अध्यक्ष १२ | सदस्य |
| श्री कोशलराज घिमिरे | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| श्री भरत प्रसाद आचार्य | प्रशासन शाखा प्रमुख | सदस्य |
| श्री रामजी बहादुर कार्की | जिन्सी शाखा प्रमुख | सदस्य |

रित.ज्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

| | | |
|---|---|---|
| श्री शंकर भण्डारी | सरसफाई शाखा प्रमुख | सदस्य |
| श्री मधुसुदन घर्ती | राजश्व शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. २५**

तानसेन नगरपालिकाद्धारा गठित वक्यौता राजश्व अशुली समितिवाट निर्णय गरि प्रतिवेदन पेश हुन आएकोले उक्त प्रतिवेदन वमोजिम आवस्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. २६**

तानसेन नगरपालिकामा प्रत्यक वर्ष भव्य रुपमा मनाउदै आईरहेको श्री ७ रणउजिरेश्वरी भगवती मन्दिरको सिंदुर जात्राको अवसरमा यस वर्ष सम्माननीय राष्ट्र प्रमुख रामचन्द्र पौडेल ज्यूको उपस्थिती रहेकोमा उहाँ लगायतको टिमको उपस्थितिमा भएको अन्नपुर्ण गार्डेन होटलको खर्च रु. ९९,७२५। ( उनान्सय हजार सातसय पच्चिस मात्र) चालु खर्चवाट भुक्तानी दिने निर्णय गरियो ।

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख